माओवादीद्धारा इलाम र पांचथर जिल्लाको सदरमुकाम फिदिम खाली गर्न गरेको आह्वान गरेको घटनाबाट सो जिल्लाहरुमा परेको प्रभावबारे

## मानव अधिकार सन्धि अनुगमन समन्वय समितिले गरेको

# स्थलगत अध्ययन प्रतिवेदनको साराशं


मानव अधिकार सन्धि अनुगमन समन्वय समितिको तर्फबाट

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
हिमराइटरस / इनहुरेड
जनउत्थान प्रतिष्ठान नेपाल
महिला कानुन तथा विकास मञ्च
बाल सरोकार केन्द्र (सिविन)
यातना पिडित सरोकार केन्द्र (सिभिक्ट)
ग्रामिण पुननिर्माण तथा पुर्नस्थापना केन्द्र ( आर.आर.एन)
मानव अधिकार मञ्च,इलाम

पृष्ठभूमि :

**मानव अधिकार सन्धि अनुगमन, समन्वय समिति** ( Human Rights Treatie Monitoring Co-Ordination Committee) विगत लामो समयदेखि मानव अधिकारको क्षेत्रमा काम गर्दै आएको चालिसवटा मानवअधिकारवादी संघ संस्थाको साझा मंच हो । २०५९ सालमा गठित यो मचंले नेपाल पक्ष भएको मानव अधिकारको अन्तराष्ट्यि महासन्धि र अभिसन्धिले सृजना गरेको दायित्वको आधारमा मानवअधिकारको प्रत्याभूतिको लागि आफ्नो गतिविधिहरुलाई केन्द्रित गरेको छ । मानव अधिकारको पूर्ण प्रत्याभूति बिना सामाजिक न्याय र प्रजातन्त्र सम्भव छैन्, तर नेपालले झण्डै दुई दर्जन मानव अधिकारको अन्तराष्ट्यि महासन्धि, सन्धि, अभिसन्धिहरु अनुमोदन गरी मानव अधिकारप्रतिको आफ्नो प्रतिबद्धता देखाइरहेतापनि व्यवहारिक रुपमा मानव अधिकारको स्थिति खस्कदो छ । देशमा चलिरहेको माओवादी विद्रोह पश्चात भने दुवै तर्फबाट बढेको हिंसा र प्रतिहिंसाका कारण मानव अधिकारको स्थिति झन् भयावह बन्दै गइरहेको छ । अपहरण, बेपत्ता, यातना,हत्या, लुटपीट, नाकाबन्दी जस्ता गतिविधिले नागरिकहरुको विस्थापन बढेर गएको छ ।

यसरी देशमा बढ्दै गएको मानव अधिकारको उल्लघंनको घटनाहरुको पर्यवेक्षण गरी यसप्रति सम्बन्धित पक्षलाई सचेत र सजक गराउने क्रममा  इलाम र पांचथर जिल्लामा विद्रोही ने.क.पा. माओवादीपक्षले सो क्षेत्र खाली गराउन जारी गरेको विज्ञप्तिबाट सो क्षेत्रका बासिन्दा र सो क्षेत्रमा परेको असरहरुबारे स्थलगत अध्ययन तथा अनुगमन गर्न  मानव अधिकार  सन्धि अनुगन समन्वय समितिका प्रतिनिधिहरुले साताव्यापी पर्यवेक्षण  भ्रमण गरेको थियो ।

**पर्यवेक्षण टोलीको सदस्यहरुको नामावली** :

१. विद्या चापागांई – इन्सेक, काठमाण्डौ
२. देवेन्द्र शंकर विश्वकर्मा – सिभिक्ट, इलाम
३. सुशिल श्रेष्ठ – इन्हुरेड/हिमराइट्स
४. अर्जुन बस्नेत – इन्सेक, विर्तामोद
५. रेणु राई – एफ.डब्लु.एल.डि, काठमाण्डौ
६. भोजमान लाम्गादे – जनउत्थान प्रतिष्ठान,काठमाण्डौ
७. विशाल श्रेष्ठ – सिविन,विराटनगर
८. सरस्वती कोइराला – आर.आर.एन
९. प्रकाश अधिकारी – मानव अधिकार मञ्च, इलाम

## स्थलगत अध्ययनको उद्धेश्य

- प्रत्यक्ष र अप्रत्यक्ष रुपमा घटेका मानवअधिकार उल्लघंनका घटनाहरुको तथ्याङ्क संकलन गर्ने,
- घटनाबाट पीडितहरुका बारे जानकारी लिने तथा आवश्यक राहतको पहल गर्ने,
- स्थानिय व्यक्तिहरुको तत्कालिन अवस्थाको अनुगमन गर्ने,
- घटनाका बारे स्थानिय जनसमुदाय, सुरक्षाकर्मी र सरकारी कर्मचारीहरुबाट जानकारी हासिल गर्ने,

- o घटनामा महिला तथा बालबालिकामा परेको मानसिक तथा शारिरीक प्रभावबारे जानकारी लिने,
- o द्वन्द्वका कारण विगतमा भएको वास्तविक हानि नोक्सानी निरीक्षण गर्ने,
- o स्थानीय व्यक्तिहरुको जीवनयापन सामान्य पार्न सरकारको तर्फबाट चालिएका कदमहरुको अनुगमन गर्ने

## पर्यवेक्षण प्रक्रिया तथा विधि

अध्ययन अनुगमन टोलीले २०६१ भाद २३,गते इलाम र पांचथर जिल्लाको सदरमुकाम खाली गर्नु भन्ने विद्रोही ने.क.पा माओवादीले राखेको कार्यक्रमबाट जिल्लाबासीको जनजीवनमा पारेको प्रभाव बारे तथ्यगत वस्तुस्थितिको जानकारी लिई आगामी दिनहरुममा यस्ता प्रकारका मानव उल्लघंनका घटनाहरु दोहोरिन नदिनका लागि मिति २०६१ भाद्र २५ देखि ३१ गते सम्म निम्न प्रक्रियाहरु अपनाई मानवअधिकारको पर्यवेक्षण गरेको थियो :

- o स्थलगत अध्ययन भ्रमण तथा अवलोकन
- o अन्तरवार्ता
- o सामुहिक छलफल
- o अन्तरक्रिया

**१) इलाम जिल्लाको पृष्ठभूमि :**

नेपाल अधिराज्यको पूर्वाञ्चल विकासक्षेत्र अन्तरगत सुदूर पूर्वमा अवस्थित मेची अञ्चलका ४ जिल्लाहरुमध्ये प्राकृतिक सौन्दर्यले भरिपूर्ण रहेको इलाम जिल्लालाई राजनैतिक विभाजन अनुसार ३ संसदीय निर्वाचन क्षेत्र, ११ इलाका, १ नगरपालिका, ४८ गा.वि.स.मा विभाजन गरिएको छ । पर्यटकिय दृष्टिकोणले विशेष महत्व राखेको यस जिल्लामा श्रीअन्तु माईपोखरी, सन्दकपुर तथा गजुरमुखी धामले प्रसिद्धि पाएका छन् ।
शैक्षिक गतिविधि वि.सं.२००४ सालमा श्री सिद्धार्थ प्रा.वि. सांखेजुगंबाट शुरु भएर २०६१ सालमा आईपुग्दा कूल विद्यालय संख्या ४६८ मध्ये सामुदायिक विद्यालय ३९७ र संस्थागत विद्यालय ७१ रहेका छन् भने ८ वटा उच्च मा.वि र १ क्याम्पसले उच्च शिक्षा प्रदान गरेका छन् । २०५८ को जनगणना अनुसार कूल साक्षरता ६६.२ प्रतिशत रहेको यस जिल्लामा पुरुषतर्फ ७४.१ प्रतिशत र महिलातर्फ ५८.२ प्रतिशत साक्षरता रहेको छ । विविध जातिको बसोबास भएको यस जिल्लामा विशेष गरी राई, लिम्बू लेप्चा, कामी, दमाई जस्ता जातिहरुको अन्य जातिको तुलनामा शैक्षिक सहभागिता कम रहेको देखिन्छ ।

**२) पांचथर (फिदिम) जिल्लाको भौगोलिक पृष्ठभूमि :**

नेपाल अधिराज्यको पूर्वाञ्चल विकासक्षेत्र अन्तरगत मेची अञ्चलका ४ जिल्लाहरुमध्ये पांचथर जिल्लाको पूर्वमा सिक्किम र दार्जीलिगं, पश्चिममा तेह्रथुम र धनकुटा, उत्तरमा ताप्लेजुगं र दक्षिणमा इलाम र मोरगं जिल्ला रहेको छ । सदरमुकाम फिदिम रहेको यस जिल्लालाई २ वटा निर्वाचन क्षेत्र, ४१ वटा गा.वि.सहरु तथा ११ वटा इलाका बांडिएको छ । साक्षरता प्रतिशत ५१.२४ रहेको यस जिल्लामा

नि.मा.वि ३७ वटा, मा.वि. ४३ वटा , उच्च मा.वि ५ वटा र १ क्याम्पसले उच्च शिक्षा प्रदान गरेका छन् ।

**मानव अधिकार अनुगमन टोलीले भ्रमण गरेका इलाम र पांचथर जिल्लाका विभिन्न सरकारी तथा अन्य संस्थाहरुको नामावली :**

- जिल्ला प्रशासन कार्यालय
- जिल्ला प्रहरी कार्यालय
- जिल्ला शिक्षा कार्यालय
- जिल्ला विकास समिती
- जन स्वास्थ्य
- ब्यारेक
- कारागार शाखा
- अस्पताल
- अदालत
- विद्यालयहरु तथा पिडित समूदाय

**यस टोलीले अनुगमनका क्रममा छलफल गरेका विभिन्न राजनैतिक दलहरु :**

- रा.प्र.पा
- एमाले
- कांग्रेस
- कांग्रेस (प्रजातान्त्रिक)

## मानव अधिकारको दृष्टिकोणबाट घटनाको विश्लेषण

१. विद्रोही नेकपा (माओवादी) ले इलाम र पाँचथर जिल्ला सदरमुकाम खाली गर्नु भनी सदरमुकामवासीहरुमा मनोवैज्ञानिक त्रास फैलन खोजेको हाम्रो टोलीको ठहर छ, जसकारण सदरमुकामवासीहरु जिल्ला छोडेर विस्थापित भएको, करोडौं व्यवसायिक घाटा भएको। मनोवैज्ञानिक त्रासका कारण सयौं विद्यालयहरु बन्द भएको, कारण बालबालिकाहरु पढ्न पाउने अधिकारबाट वञ्चित रहेको र यसबाट सबैभन्दा बढी महिला, बृद्ध, बालबालिका, अशक्तहरु बढी प्रभावित भएको हुनाले, यसप्रकारको त्रसित वातावरण सृजना गर्ने किसिमको कार्यक्रमहरु उप्रान्त नगर्नसमेत विद्रोही नेकपा (माओवादी) लाई आह्वान गर्दछ ।

२. यसरी विद्रोही नेकपा (माओवादी) ले सदरमुकाम खाली गर्नु भन्ने विज्ञप्तिपश्चात राज्यका सुरक्षा निकायको समेत जिम्मेवार रुपमा सुरक्षाप्रति सदरमुकामवासीहरुलाई आश्वस्त पार्न नसकेको जसले गर्दा पाँचथर र इलामका अधिकांश राष्ट्रसेवक कर्मचारीहरु विशेष गरी कार्यालय प्रमुखहरु नै विभिन्न बहानामा सदरमुकाम छाडी हिंडेको तथ्य पर्यवेक्षण टोलीले प्राप्त गर्‍यो। जसले गर्दा आजसम्म पनि सर्वसाधारण सरकारी कार्यालयबाट प्राप्त गर्ने दैनिक सेवा र सुविधाबाट वञ्चित रहनु परेको हुँदा यसप्रति सम्बन्धित निकायको ध्यान आकृष्ट गर्न चाहन्छ।

३. विस्थापन पश्चात घर फर्कनेहरुलाई सुरक्षा जाँचको वहानामा गाडीबाट ओराली हिंडाएर अनावश्यक दु:ख दिने, र व्याङ्गात्मक ढंगले, स्वागत ब्यानर राखी झन् त्रसित वातावरण सृजना गर्ने गरेको पाइएको हुँदा यसलाई तत्काल रोक्न स्थानीय प्रशासनलाई आह्वान गर्दछ।

४. विद्रोही नेकपा (माओवादी) हरुले आफ्नो राजनैतिक मनोकांक्षा पूरा गर्न अन्य राजनैतिक विचारधार राख्ने मान्छेहरुलाई जबर्जस्ती आफ्नो संगठमा राख्ने, निर्दोष सर्वसाधारणलाई स्पष्ट नबुझि सुराकीको आरोपमा कार्वाहीको वहानामा कुटपिट गर्ने तथा मानसिक यातना दिने गरेको पाइएकोले यस प्रकारको कार्वाहीको नागरिकहरुको राजनैतिक अधिकार हनन हुने र शान्तिपूर्वक बाँच्न पाउने अधिकारबाट समेत वञ्चित हुने हुनाले यसप्रति विद्रोही पक्षको ध्यानाकर्षण गर्न चाहन्छौं।

५. सुरक्षा सर्चको क्रममा सुरक्षाकर्मीले शिक्षक, विद्यार्थी तथा सर्वसाधारणमा अभद्र व्यवहार गर्ने र निर्दोष मान्छेहरुलाई कुटपिट गर्ने, गोलीसम्म प्रहार गरी निर्दोष मानिसहरुको हत्या गर्ने गरेको पाइएको हुँदा यसप्रति सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै यस्ता प्रकारको गतिविधिहरुले सामान्य नागरिकको बाँच्न पाउने अधिकारको हनन् हुने हुनाले यसप्रति सचेत रहन आफ्नो गल्ती स्वीकार गर्न, पीडितलाई क्षतिपूर्ति दिन सम्बन्धित पक्षसँगग हार्दिक आग्रह गर्दछौं।

६. नेकपा (माओवादी) इलाम र पाँचथरका विभिन्न भागमा नागरिकहरुको घर जग्गा, चिया बगान कब्जा गरी विस्थापन बढाएको त्यहाँ काम गर्ने मजदुरहरुको रोजीरोटी पनि खोसिएको पाइएकोले जनकार्वाहीको नाममा गरिएका यस प्रकारको कार्यप्रति दु:ख व्यक्त गर्दै पर्यवेक्षण टोली यस विषयमा माओवादी पक्षसँग ध्यानाकृष्ट गर्दै जिम्मेवारपूर्ण व्यवहार गर्न आग्रह गर्दछौं।

७. नेकपा (माओवाद) र सुरक्षाकर्मीको दोहोरो भिडन्त पश्चात लासहरुको बारे सम्बन्धित परिवारलाई जानकारी नदिने प्रचलन भएको छ। यसबाट जेनेभा सन्धिको साझा धारा ३ को ठाडो उल्लंघन भएको हुनाले युद्धरत पक्षलाई युद्धका नियम, धार्मिक र सांस्कृतिक अधिकारप्रति सचेत र सजक रहन आग्रह गर्दछौं।

८. इलाम जिल्लाको सदरमुकाममा रहेको एक मात्र अपांग तथा बेसाहारा बालबालिकाहरुको शिक्षालय बाल मन्दिरको छतमा सुरक्षाको लागि सशस्त्र प्रहरी वल राखिएको कारण बालबालिकामा मानसिक त्रास बढेको, बालबालिका शान्ति क्षेत्र हुन् भन्ने कुरालाई स्थानीय प्रशासनले बेवास्ता गरी अबोध बालबालिकाको आश्रय स्थललाई बेवास्ता गरेकोले यसलाई सम्बन्धीत पक्षले तत्कालल सुधार गर्नु पर्दछ।

९. गत भाद्र २३ गते सदरमुकाम खाली गर्नु भन्ने विज्ञप्तिले त्रास उत्पन्न गरिरहेको सन्दर्भमा पाँचथर जिल्लामा यातायात व्यवसायी, विमाकर्मी लगायत केही उदण्ड सञ्चारकर्मीले समेत त्रास फैलाउन सहयोग गरेको पाइएकोले उप्रान्त जनमानसमा त्रास फैलाउने र विस्थापित गराउने कार्यमा सम्बन्धित सबै पक्षबाट यस्तो कार्य नगर्न, नगराउन समेत हार्दिक आग्रह गर्दछौं।

१०. विद्रोही माओवादीको आग्रह पश्चात् हुन सक्ने सम्बन्धित घटनालाई मध्यनजर गरेर सदरमुकामका समाजसेवी, बुद्धिजीवीहरुले भाद्र २३ गतेको घोषित कार्यक्रम फिर्ता लिन विभिन्न माध्यमद्वारा आग्रह गरेकोमा पर्यवेक्षण टोली हार्दिक सराहना गर्न चाहन्छ। यस्ता कार्यलाई आगामी दिनमा समेत जारी राख्न नागरिक समाजसँग हार्दिक अनुरोध गर्दछ।

११. विद्रोही नेकपा (माओवादी) ले हालै सार्वजनिक गरेको हिट लिष्टप्रति हाम्रो गम्भीर आपत्ती छ। नागरिकको बाँच्न पाउने नैसर्गिक अधिकार कुण्ठित हुने गरी यस प्रकारका हिट लिष्ट प्रकाशन गरी आम नागरिकलाई मानसिक त्रास, शारीरिक यातना तथा तिनीहरुको सम्पत्ति जफत गरिने जस्ता कुराले नागरिकको मानवअधिकारको ठाडो उल्लंघन हुन जाने हुँदा यस्तो कार्य तत्काल बन्द गर्न सम्बन्धित पक्षलाई आग्रह गर्दछौं।

१२. इलाम मंगलबारे स्वास्थ्य चौकी र जिल्ला अस्पतालको पर्यवेक्षण गर्दा अधिकांश समय डाक्टर र स्वास्थ्यकर्मी नभएको र आधारभूत औषधीसमेत नपाइएकोले यसप्रति श्री ५ को सरकारको ध्यानाकर्षण गराउँदै स्थानीय नागरिक समाजले समेत स्वास्थ्य, शिक्षा क्षेत्रको विषयमा नियमित अनुगमनका लागि आग्रह गर्दछौं। यो दुवै क्षेत्रलाई युद्धभन्दा टाढै राख्नु पर्छ भन्ने कुरालाई आत्मसात गर्न युद्धरत पक्षहरुसँग आग्रह गर्दछौं।

१३. विद्रोही ने.क.पा माओवादीले सदरमुकाम खाली गर्ने/गराउने कार्यक्रमको प्रभाव स्वरुप इलाम र पांचथरका अधिकांश विद्यालयहरुमा प्रतिकूल प्रभाव परेको पाइयो । जस अन्तर्गत इलामको १६ वटा र पांचथरका नि.मा.वि ३ वटा विद्यालयहरुमा विद्यार्थीहरुमा परेको मानसिक त्रासका कारण भाद्र १५ गते देखी विद्यालयहरु बन्द भई २५ गतेसम्म ठप्प रहेको र पांचथर जिल्लामा क्याम्पसहरुमा स्नोकत्तर परिक्षा नरोकिएतापनि इलामको परिक्षा केन्द्रमा भने परिक्षा संचालनमा त्रासको कारण परिक्षार्थी नआएकोले २२ र २३ गतेको परिक्षा ठप्प भएको पाइएको छ । यसरी विद्रोहीको कार्यक्रबाट हजारौं बालबालिकाको भयमुक्त वातावरणमा स्कूल गई पढ्न पाउने अधिकारबाट बन्चित रहेको तथा क्याम्पसका विद्यार्थीहरुले परिक्षाबाट बन्चित रहेकोले विद्यार्थीहरुको निर्भिक रुपमा पढ्नपाउने अधिकारको संरक्षण गर्न सम्बन्धित सबैपक्षलाई हार्दिक अनुरोध गर्दछ ।

१४. मानव अधिकारकर्मी, पत्रकार तथा समस्त घटनाप्रति सरोकार राख्ने महानुभाव तथा जिल्लाबासीहरुले जिल्लामा घट्न सक्ने संभावित दूर्घटनालाई मध्यनजर गरि काठमाण्डौमा रहेर देखाउनु भएको चासो र चिन्ताबाट निकालिएको शान्ति र्‍यालीको प्रभाव निकै राम्रो रहेको पाइयो। यसकिसिमको शान्तिप्रति देखाइने ऐकेबद्धताले जिल्लाबासीमा आत्मबल बढाएको आयोजकहरुमा पनि हतोत्साहित सम्बन्धित क्षेत्रको आभास र अभिव्यक्ति रहेको पाइएकोले मानव अधिकारको संरक्षण र शान्ति स्थापनाका लागि गरिने यस प्रकारका कार्यक्रमले निरन्तरता पाउनुपर्ने हाम्रो ठहर छ । साथै दोहोरो बन्दुकको मारमा रहेका निरिह आमनेपालीको मुक्तिको खातिर खेलिने भूमिकालाई थप प्रभावकारी बनाउन नागरिक समाज, मानवअधिकारवादी र संभारकर्मि लगायत सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।